मितिः २०८३/०१/३०

श्री सम्पादक ज्यू,
कर्मचारीप्रेस डट कम,
निजामति प्रेस प्रा.लि.
सूचना तथा प्रसारण विभाग दर्ता नं : ४३९५-२०८०/८१
पुतलीसडक, काठमाडौं

Email: priyarasuwa@gmail.com

विषयः खण्डन सम्बन्धमा ।

उपयुक्त सम्बन्धमा तपाईं सम्पादक रहनु भएको कर्मचारी प्रेस प्रा.लि.द्वारा सञ्चालित कर्मचारीप्रेस डट कम, फेसबुक पेज लगायतका सामाजिक सञ्जालमा समेत मिति २०८३/०१/२६ मा 'विष्णु अग्रवालमाथि कर छली र भन्सार छलिको आरोपमा प्रधानमन्त्री प्रधानमन्त्री कार्यालयमा उजुरी' https://karmacharipress.com/2026/05/09/34908/ भन्ने शिर्षक राखी प्रकाशन गरिएको सामग्री उपर यस एमएडब्लु ग्रुपको ध्यानाकर्षण भएको छ ।

यस एमएडब्लु ग्रुप कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता भएको अटोमोबाइलको क्षेत्रमा काम गर्ने प्रतिष्ठित कम्पनी हो । तहाँ संचारमाध्यममा सम्प्रेषित सामग्रीका सम्बन्धमा यस कम्पनीको देहाय अनुसार बुँदागत प्रतिक्रिया एवम् खण्डन रहेको छ । उक्त खण्डन एवम् प्रतिक्रियालाई स्थान दिनुहुन अनुरोध गर्दछु ।

देहायः

१. प्रकाशित सामग्रीमा 'विष्णु अग्रवालमाथि कर छली र भन्सार छलिको आरोपमा प्रधानमन्त्री प्रधानमन्त्री कार्यालयमा उजुरी' भनी शिर्षक राखिएको रहेछ । यो समाचार पाठकलाई दिग्भ्रमित पार्ने उद्देश्यले अभिप्रेरित देखिन्छ ।

खण्डनः एमएडब्लुविरुद्ध कुनै बेनामी उजुरीकर्ताले गलत व्याख्या र विश्लेषण गरी प्रधानमन्त्रीको कार्यालय गलत नियतका साथ उजुरी दिएका छन् । यहिँ छद्म व्यक्तिको उजुरीलाई आधार मानेर राज्यको नियमानुआर व्यापारव्यवसाय गर्नेलाई दोषी करार गर्नु अन्यायपूर्ण हुन्छ ।

२. 'उजुरीमा काठमाडौंको त्रिपुरेश्वस्थित मोरङ अटो वर्क्सका संचालक अग्रवालले विदेशबाट अटोमोबाइल तथा सवारी साधन आयात गरी नेपालमा विक्री वितरण गर्दै आएको उल्लेख गरिएको छ । सोही कारोबारका क्रममा नक्कली भ्याट बिल प्रयोग गरेर राज्यलाई बुझाउनुपर्ने करोडौं रुपैयाँ कर छलि गरिएको आरोप लगाइएको छ ।' भनिएको छ । समाचारमा गरिएको यो दाबी पूर्णतः गलत र भ्रामक छ ।

खण्डनः एमएडब्लुले विदेशबाट अटोमोबाइल तथा सवारीसाधन आयात गरी नेपालमा विक्री वितरण गर्दै आएको हो तर त्यस्तो कारोबारमा नक्कली भ्याट बिल प्रयोग गरेर राज्यलाई बुझाउनुपर्ने करोडौं

रुपैयाँ कर छलि गरिएको' भन्ने सरासर झुट हो । यस कम्पनी र सम्बद्ध सबै कम्पनीहरू नेपालको प्रचलित कानून र साधिकार निकायको नियमनमा रही आर्थिक एवम् व्यवसायिक कारोबार गर्दै आएका छौं । हामी भ्याट छली, कर छली लगायतका कुनै पनि फौजदारी दायित्व आकर्षित हुने कार्यमा संलग्न छैनौं ।

३. साथै समाचारमा 'निवेदनमा अग्रवालको मुख्य कम्पनी २०६७ सालमा नक्कली भ्याट बिल प्रकरणमा मुछिएको र हाल उक्त कम्पनी बन्द गरी सोही नामसँग मिल्दोजुल्दो अन्य कम्पनी स्थापना गरेर कारोबार संचालन गरिएको दाबी गरिएको छ। उजुरुकर्ताले मोरङ अटो वर्क्स' नामबाट प्रयोग गरिएका अक्षरहरु जोडेर एमएडब्लु (MAW) समूह अन्तर्गत विभिन्न कम्पनीमार्फत कारोबार भइरहेको उल्लेख गरेका छन्' भनिएको छ। साथै उजुरीमा २०६७ सालमा गठन गरिएको नक्कली मूल्य अभिवृद्धि कर छलिसम्बन्धी छानबिन समितिको प्रतिवेदनमा समेत अग्रवाललाई दोषी किटान गरिएको दाबी गरिएको छ, भनिएको छ। यसमा पनि कुनै सत्यता छैन ।

खण्डन: वि.सं. २०६७ को प्रतिवेदनसँग जोडिएको भ्याट छलीको आरोपका सम्बन्धमा- मोरङ अटो वर्क्सले आफू पीडित हुँदाहुँदै पनि आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले आ.व. २०६७०६८ मा निर्धारण गरेको अन्तिम र संशोधित कर निर्धारण आदेश बमोजिम सम्पूर्ण कर, ब्याज र जरिवाना समेत तिरी फछ्र्यौट गरिसकेको छ र कुनै पनि आर्थिक दायित्व बाँकी छैन। साथै, आरोप पत्रमा 'कम्पनी बन्द रहेको' भन्ने दाबी सर्वथा असत्य र भ्रामक छ। मोरङ अटो वर्क्स बन्द नभई हाल पनि अस्तित्वमै रहेको छ।

४. समाचारको अर्को हरफमा 'आर्थिक वर्ष २०८०।०८१ मा एमएडब्लु वृद्धि कमर्शियल भेहिकल्स प्रा.लि.ले आयात गरेको फोटोन विद्युतीय गाडीमा भन्सार छलि भएको आरोप पनि लगाइएको । भन्सास विभागले च.नं. ५६४।०८१।०८२ मार्फत करिब ६ करोड रुपैयाँ बराबरको भन्सार वक्यौता देखिएको भन्दै तत्काल राजस्व दाखिला गर्न पत्राचार गरेको भएपनि हालसम्म भुक्तानी नगरेको निवेदनमा उल्लेख छ ।' भनिएको छ । यो हरफ पनि अर्धसत्य र पाठकलाई भ्रमित पार्ने खालको भएको जानकारी गराउन चाहन्छु ।

खण्डन: आर्थिक वर्ष २०८०।०८१ मा यसरी नियमानुसार आयात गरिएका इभीहरूलाई महालेखापरीक्षकको कार्यालयले अन्य एचएस कोडमा वर्गीकरण गरी बेरुजु उठान गरेको थियो - यो भन्सार छली होइन, प्रशासनिक बेरुजु हो। बेरुजुलाई फौजदारी अपराधजस्तो गरी प्रस्तुत गर्नु सर्वथा अनुचित र भ्रामक छ।

उक्त बेरुजुलाइ आधार मानेर भन्सार कार्यालयले बक्यौता र्नि पत्रचार रहेको हो तर हाम्रो कम्पनलि त्यसको विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन (0082-WO-0179) दायर गरेको छ । अदालतले मिति २०८२।०५।०८ मा भन्सार कार्यालयको पत्राचार कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश (स्टे अर्डर) जारी गरेको छ, जुन हाल पनि कायमै रहेको छ। समाचारमा भनिएजस्तै भुक्तानी नगरी अटेर गरिएको छैन । न्यायालयमा मुद्दा विचाराधीन रहेकै अवस्थामा भन्सार छली र कर छलि जस्तो गम्भीर फौजदारी आरोप लगाउनु र यसलाई अतिरञ्जित तरिकाले प्रसारण गर्नु न्यायिक प्रक्रियामाथिको प्रत्यक्ष हस्तक्षेप हो।

उल्लेखनीय छ कि यस प्रकारका बेरुजुको समस्या केवल हाम्रो कम्पनीमा मात्र सीमित नभई यस्ता सवारीसाधन आयात गरी बिक्री गर्ने समग्र आयातकर्ता उद्योगले भोगिरहेको साझा समस्या हो ।

५. समग्र खण्डन: उक्त सम्प्रेषण गरिएको सामग्रीको शिर्षक, उद्धृत गरिएको पत्रको व्यहोरा र सो व्यहोरालाई आधार मानी प्रकाशित सम्पूर्ण सामग्री झुट्टा, कपोलकल्पित, तथ्यहीन, एकपक्षीय र यस कम्पनी र यसका सञ्चालकको व्यावसायिक इज्जत, सामाजिक ख्याति एवम् कानूनी हक समेतमा गम्भीर आघात पुऱ्याउने उद्देश्यले लेखिएको हो । उक्त विषयमा एकतर्फी रूपमा भ्रमपूर्ण सामग्री प्रकाशन गर्नु प्रेस काउन्सिल ऐन, पत्रकारको आचारसंहिता, जिम्मेवार पत्रकारिताको मूल्य मान्यता, प्रचलित नेपाली देवानी एवम् फौजदारी कानून र विद्युतीय कारोबार ऐन समेतको विपरीत छ। तसर्थ, उक्त सामग्री प्रकाशन गरेकोमा त्यस अनलाइन, सामाजिक सञ्जाल समेतमा यस कम्पनीसँग सार्वजनिक रूपमा क्षमायाचना गर्दै उक्त सामग्री तत्काल आफ्नो सम्पूर्ण अनलाइन माध्यम र सामाजिक सञ्जाल समेतबाट हटाउनुहुन तथा आगामी दिनमा यस कम्पनीको इज्जत, ख्याति र व्यावसायिक प्रतिष्ठामा आघात पुग्ने, यसका सञ्चालकको पेशा व्यवसाय र सम्पत्तिको हकमा प्रतिकूल प्रभाव पर्ने, बेइज्जती हुने किसिमका थप भ्रमपूर्ण सामग्री प्रकाशन नगर्न, नगराउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**बोधार्थ:**

१. प्रेस काउन्सिल नेपाल

(pcnmediamonitoring@gmail.com / complaint@presscouncilnepal.gov.np)

२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

(info@mocit.gov.np; support@mocit.gov.np; rabindra.poudyal@nepal.gov.np)

**निवेदक**

अख्तियारप्राप्त : सोनु चौधरी

सम्पर्क नं : ९८०१९०५३२८

ईमेल: sonu.chaudhary1@mawnepal.com